नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल , टेकू ।

## ल्याबरोटरी सामान खरिदको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

सुचना नं. 05/079/80
प्रथम पटक प्रकाशित मिति २०७९।०६।१४

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकूको चालु आ. व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत अस्पताललाई आवश्यक पर्ने ल्याबरोटोरी सामान खरिद गर्नको लागि योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स (व्यवसायी) हरु बाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्रको सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. १०००।— (फिर्ता नहुने गरि) यस अस्पतालको काउन्टरमा जम्मा गरेको सक्कल रसिद, ल्याबरोटोरी सामान विक्री वितरण तथा सप्लाई गर्न पाउने गरि नविकरण भएको इजाजत प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाण पत्र तथा आ. व. ०७८/०७९ को कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी वा करमा विवरण पेश गरेको कागजातको प्रतिलिपि निवेदन साथ संलग्न राखि यस अस्पतालबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरेको दरभाउपत्र रित पूर्वक भरि प्रथम पटक प्रकाशित भएको मितिले १६ औं. दिनको १२ बजे भित्र यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २.०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । निजहरु उपस्थित नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र विक्री गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिने छ ।

४. दरभाउपत्रदाताले कवोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ र केरमेट वा थप घट गर्नुपर्ने भएमा बुझिने गरि काटी दायाँ बाँया आधिकारीक व्यक्तिको सही र फर्मको छाप लगाएको हुनुपर्ने छ ।

५. दरभाउपत्र जमानत वापत दरभाउपत्र दाताले दरभाउपत्र खोल्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको तपसिलमा उल्लेख भए अनुसारको रकमको वैंक जमानत (विड बण्ड) पेश गर्नुपर्ने छ । नगद बुझाउन चाहने दरभाउपत्र दाताले को. ले. नि. का, त्रिपुरेश्वरको नाममा रा. वा. वैंक टेकू शाखामा यस कार्यालयको कोड नं ३७००१३५०६ धरौटी हि. नं. १७००१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. खरिद हुने सामानहरुको म्याद कम्तीमा २ बर्ष वा Manufacturing date बाट Expiry date कम्तीमा ८०% बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका सामानहरु सडेगलेका, टुटफुट भएका, म्याद नाघेका, कमसल सामानहरु स्वीकार गरिने छैन , साथै सप्लाई हुने सामानहरु गुणस्तर प्रमाण प्राप्त भएको हुनु पर्नेछ ।

७ सप्लाई भएका ल्याबरोटोरी सामानहरु संझौता भएको मितिले ३० दिन भित्र एक मुष्ठ वा अस्पतालको माग अनुसार आ. व. ०७९/०८० भित्र लट अनुसार सप्लाई गरि सक्नु पर्नेछ ।

CamScanner

८ नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका दरभाउपत्रहरु आंशिक वा पूर्ण स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा रहने छ । साथै दरभाउपत्र संझौता पश्चात आ. व. ०७९/०८० भित्र थप सामान आवश्यक परेमा कबोल दर रेटमा माग भएका सामानहरु सप्लाई गर्नु पर्ने छ ।

९.दरभाउपत्र साथ दरभाउपत्र दाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको , खरीद कार्यमा आफ्नो स्वार्थ नवाझीएको र पेशा सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा व्यक्त गरेको घोषणा कागजात अनिवार्य रुपमा सही छाप भएको हुनुपर्ने छ ।

१०. सप्लाई भएका ल्याबरोटोरी सामानहरुको गुणस्तरको चेक जाँच अस्पतालबाट गठित प्राविधिक समिति बाट हुने छ ।संझौता अनुसारको सामान गुणस्तरीय रहेको प्राबिधिक रिपोर्ट प्राप्त भएपछि मात्र स्विकार गरि भुक्तानी गरिनेछ ।

११. रित नपुगेको , म्याद नाघी आएको, सही छाप नभएको, केरमेट भै अंक र अक्षर नवुझिएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१२. सूचनाको १० औं दिन दिनको १.०० बजे निर्देशकको कक्षमा प्रि–विड मिटिङ्ग हुनेछ साथै बोलपत्र सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा अस्पतालको फोन नं. ४२५३३९५/४२५३३९६/४२६८९६० मा फोन गरि बुझ्न सकिने छ ।

१३. यस सूचनामा नपरेका कुराहरु बोलपत्र फारम तथा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३), नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

| ठे.नं. | कामको विवरण | दरभाउ पत्रको जमानत रु. | दरभाउ दस्तुर रु. | दरभाउ खरिद गर्ने अन्तिम मिति | दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| ०५/०७९/०८० | ल्याबरोटोरी सामान सप्लाई कार्य | १,२०,०००/- | १०००/- | २०७९।०६।२८ | २०७९/०६/२९ दिनको १२.०० बजे भित्र |

निर्देशक